मदन पुरस्कार गुठी
पो.ब.नं. ४२, श्रीदरबारटोल, ललितपुर-४४७०२, नेपाल । फोन नं. ५२१०१४, ५४२९९३, फ्याक्स नं. ५२१०१३

# प्रेस विज्ञप्ति

मदन पुरस्कार गुठीको साधारण सभाको बैठकले संवत् २०६७ सालको पुरस्कारको घोषणा गरेको छ । सो अनुसार,

१) गत ४ दशकदेखि आफ्नो मतृभाषा तथा नेपालीमा सुमधुर गीत, कविता तथा वाल साहित्य लेखी नेपाली वाङ्गमयलाई समृद्ध तुल्याउने काम निरन्तर गरिरहे बापत् संवत् २०६७ सालको पुरस्कार जगदम्बा-श्री कवि श्री दुर्गालाल श्रेष्ठलाई प्रदान गरिएको छ ।

२) "जीवन काँडा कि फूल" भन्ने आत्मपरक ग्रन्थका लागि संवत् २०६७ सालको मदन पुरस्कार श्री झमक घिमिरे (धनकुटा) लाई प्रदान गरिएको छ ।

हाल यी दुवै पुरस्कार रू २/२ लाखका छन् । स्मरणीय छ २०२२ को पुरस्कार पारिजातको पुस्तकले प्राप्त गरे पछि कुनै पनि महिला लेखकको कृतिले मदन पुरस्कार प्राप्त गरेको यसै साल हो ।

यी दुवै पुरस्कार आउँदो नौरथामा अर्पण गरिने छन् ।

२०६८/५/३/७

गजेन्द्रनाथ रेग्मी
कार्यालय सचिव
मदन पुरस्कार गुठी